जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:- ९८२४८७७६२७
Gmail :- Jaleshwortoday@gmail.com

वर्ष १३ • अंक २५० • २०८३ असार १६ गते मंगलवार • 30 Jun. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

# असार १५ मा बटेश्वरमा धान रोपाई

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १५ असार**



२३औं राष्ट्रिय धान दिवस तथा रोपाई महोत्सव-२०८३ धनुषामा पनि मनाइएको छ। खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना, कलष्टर इकाई धनुषाले सोमबार बटेश्वर गाउँपालिका-२ मा धान रोपेर राष्ट्रिय धान दिवस मनाएको छ। मानो रोपेर मुरी उब्जाउने दिनको रूपमा असार १५ लाई लिने गरिन्छ । कबिरचोकस्थित स्थानीय श्याम कर्माचार्यको खेतमा धान रोपाई गरिएको थियो । सो अवसरमा बटेश्वर गाउँपालिकाका उपाध्यक्ष फुलकुमारी सिंहले धान तथा अन्य रैथाने बालीहरू हराउँदै गएकाले बीउ-बिजन संरक्षणमा ध्यान दिनुपर्नेमा जोड दिइन् ।

उनले पानीको अभावका कारण कतिपय स्थानमा रोपाइँ प्रभावित भएको उल्लेख गर्दै कम पानीमा पनि उत्पादन दिन सक्ने धानका जात प्रयोग गर्न किसानलाई आग्रह गरिन् । यसपाली नियमित रुपमा भइरहेको वर्षाले केही हदसम्म राहत भएको उल्लेख गर्दै उनले दिनानुदिन वर्षा कम हुँदै गएकाले कम पानीमा पनि उत्पादन हुने धानका जात प्रयोग गर्नुपर्नेमा उनले जोड दिइन् । पालिकाले कृषिलाई प्राथमिकतामा राखेको बताउँदै उनले आगामी वर्षमा पनि कृषिजन्य वस्तुको उत्पादन वृद्धि गर्ने विभिन्न कार्यक्रमहरु ल्याउन लागेको उनले बताइन् । खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना, कलष्टर इकाई धनुषाका प्रमुख रबिलाल शर्माको अध्यक्षतामा भएको कार्यक्रममा वडा नं. २ का वडाध्यक्ष विजयकुमार महतोले किसानको लागि वडाले पनि कार्यक्रमहरु ल्याएको जानकारी दिए । व्यवस्थित बजारीकरण नहुँदा सस्तो मुल्यमा कृषि उपज विक्रि गर्न किसान बाध्य रहेको उनले बताए । सो अवसरमा कलष्टर इकाई प्रमुख शर्माले खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनाले बटेश्वरसहित धनुषा र महोत्तरी जिल्लाका चार पालिकामा खाद्य र पोषण सुरक्षासँगै जिविकोपार्जन सम्बन्धी कार्यक्रमहरु संचालन गरिरहेको जानकारी दिए । धनुषाको बटेश्वर र जनकनन्दनी गाउँपालिका र महोत्तरी जिल्लाको सोनमा गाउँपालिका र सम्सी गाउँपालिकामा यो कार्यक्रम संचालनमा रहेको छ । चार वटै पालिकाका सयौं किसानहरु कार्यक्रमबाट लाभान्वित भइरहेको उनले जानकारी दिए। बाख्रा वितरण, तरकारीको बीउ, आत्मनिर्भर हुन कृषक समूहहरुलाई सहयोग लगायतका क्रियाकलापहरु कार्यक्रम अन्तर्गत संचालन गरिएको इकाई प्रमुख शर्माले बताए । खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना, कलष्टर इकाई धनुषाका शिवचन्द्र झाले धान दिवसको महत्वबारे प्रकाश पारे भने सहजकर्ता हृदयनारायण ठाकुरले धानको उत्पादन घट्ने कारण, विषादी प्रयोगले सिर्जना भएको समस्याबारे जानकारी गराएका थिए । कृषिलाई आधुनिकीकरण गर्दै लैजाने लक्ष्य सरकारको भए पनि पर्याप्त कृषि उपकरण किसानसँग नहुँदा मानिसको भरमा नै रोपाई गर्नु पर्ने अवस्था छ । नेपालले वि. सं २०६१ साल देखि असार १५ लाई धान दिवसका रूपामा मनाउँदै आएको छ । प्रत्येक वर्ष असार १५ मा देशभर विविध कार्यक्रमहरु गरी यो दिवस मनाउने गरिएको छ । कृषिमा परनिर्भरता बढ्दै गएका कारण उत्पादकत्व बढाउने उद्देश्यले नेपालमा धान दिवस मनाउन थालिएको हो । जलवायुमैत्री प्रविधि, धानमा आत्मनिर्भरता र समृद्धि भन्ने नाराका साथ मनाइएको असार १५ अर्थात् दही-चिउरा खाने दिन भएकाले रोपाइँसँगै दही-चिउरा खाएर तथा हिलो खेलेर रमाइलो गरिएको थियो ।

# जिल्ला विपद् व्यवस्थापन समितिको बैठक सम्पन्न



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १५ असार**

महोत्तरी जिल्लामा भूमिसम्बन्धी समस्या समाधानको प्रक्रिया प्रभावकारी बनाउने तथा मनसुनजन्य विपद्को जोखिम न्यूनीकरणका लागि सरोकारवाला निकायबीच समन्वय सुदृढ गर्ने उद्देश्यले सोमबार जिल्ला भूमि समस्या समाधान समिति तथा जिल्ला विपद् व्यवस्थापन समितिको बैठक सम्पन्न भएको छ। बैठकमा जिल्ला भूमि आयोगको हालसम्मको कामकारबाही, बाँकी रहेका चुनौती तथा आगामी कार्ययोजनाबारे विस्तृत छलफल गरिएको थियो ।


त्यस्तै, वर्षायाम सुरु भएसँगै बाढी, डुबान र अन्य प्राकृतिक विपद्को सम्भावित जोखिमलाई ध्यानमा राख्दै पूर्वतयारी, उद्धार, राहत तथा विभिन्न निकायबीचको समन्वयका विषयमा पनि समीक्षा गरिएको थियो । बैठकलाई सम्बोधन गर्दै प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले भूमिहीन, सुकुम्बासी तथा अव्यवस्थित बसोबासी नागरिकको समस्या समाधान सरकारको प्राथमिकतामा रहेको उल्लेख गर्दै सम्बन्धित सबै निकायले जिम्मेवारीका साथ समन्वय गरेर काम गर्नुपर्ने बताए । उनले भूमिसम्बन्धी समस्या समाधानमा तथ्यपरक विवरण, पारदर्शी प्रक्रिया र जनविश्वास कायम राख्दै काम अघि बढाउनुपर्नेमा जोड दिए। साथै कुनै पनि नागरिक अन्यायमा नपर्ने गरी कानुनी प्रक्रिया अवलम्बन गर्नुपर्ने उनको भनाइ थियो। प्रमुख जिल्ला अधिकारी यादवले मनसुन सक्रिय भइसकेकाले विपद्को सम्भावित जोखिमलाई समयमै पहिचान गरी पूर्वतयारीलाई प्रभावकारी बनाउन निर्देशन दिँदै स्थानीय तह, सुरक्षा निकाय, स्वास्थ्य संस्था तथा सरोकारवाला सबै निकायबीच निरन्तर समन्वय आवश्यक रहेको बताए ।

बैठकमा सहभागीहरूले भूमि व्यवस्थापनसँग सम्बन्धित समस्या समाधानका लागि निकायहरूबीच सहकार्य बढाउनुपर्ने तथा विपद् व्यवस्थापनमा पूर्वसूचना प्रणाली, राहत सामग्रीको तयारी र उद्धार संयन्त्रलाई चुस्त बनाउनुपर्ने सुझाव दिएका थिए । बैठकमा जिल्ला समन्वय समिति, स्थानीय तह, सुरक्षा निकाय, सम्बन्धित सरकारी कार्यालय तथा अन्य सरोकारवाला निकायका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

# सर्पले डसेर बालकको मृत्यु

**जलेश्वरटुडे समाचारदाता**
**सर्लाही, १५ असार**

सर्लाहीमा सर्पले डसेर एक बालकको मृत्यु भएको छ । लालबन्दी नगरपालिका-११, हीरापुरका आठ वर्षीय बालक मायुस ठाकुरको विषालु सर्पले डसेर मृत्यु भएको हो । बालकलाई आमासँगै सुतेका बेला शौचालय जानेक्रममा सर्पले डसेको थियो। सर्पले डसेपछि पनि बेवास्ता गरी आमासँगै सुतेका बालक सिकिस्त भएपछि गाउँमै झारफुकका लागि झाँक्रीकहाँ लगेको पाइएको छ । त्यसक्रममा मृत्यु भएपछि मात्र बालकलाई उपचारका लागि नवलपुरस्थित सर्पदंश उपचार केन्द्रमा ल्याइएको थियो । बालकको मृत्यु भइसकेको अवस्थामा अस्पताल ल्याइएको नवलपुर सर्पदंश उपचार केन्द्रका इन्चार्ज जगर्नाथ यादवले बताउनुभयो ।






समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



सम्पादकीय...................

# २३ औं धान दिवसको महत्व

२३ औ धान दिवस, युगौंदेखि यो दिनमा नेपाली समाजमा दहीचिउरा खाने प्रचलन रहेका छन । चिउराको स्रोत धान नै छ । धानलाई भिजाएर, उसिनेर, भुटेर, कुटेर अनेक परम्परागत प्रशोधन गरी चिउरा बनाउने कुनै बेलाको अब्बल अन्वेषण हुनुपर्छ । कृषि उद्यमको यो उतिबेलाको विस्तारित जरा पनि छ । धान उत्पादन बढे पनि उत्पादित धानले आन्तरिक माग पूरा गर्न सकेको छैन । अझै आयात नगरी चामलको माग सम्बोधन पूरा हुँदैन । नेपालमा वार्षिक ४० अर्ब रुपियाँसम्म धानचामल आयात भएको पाइएका छन । नेपालमा वार्षिक चामलको आवश्यकता ७० देखि ७२ लाख मेट्रिक टन पुग्न थालेको आँकडाका आधारमा पनि आवश्यकता पूरा गर्न आयात गर्नुपरेका छन । नेपालमा तराईदेखि पहाडको उच्च भेगसम्म धान फल्ने हुँदा धानको उत्पादन बढाएर आयात प्रतिस्थापन गर्न सकिने सम्भावना रहेका छन । संसारकै सबैभन्दा अग्लो स्थानमा धान हुने देशसमेत नेपाल नै हो । तराईको फाँटिला अन्न भण्डारमा धान नै पहिलो खेती रहेका छन । अन्तमा नेपालको पूर्वदेखि पश्चिमसम्मकै उच्च पहाडी भेगमा सिँचाइको व्यवस्थापनले महँगो धान उत्पादन गर्न सकिने छ । सिँचाइ सुविधा भए पहाडका बेँसी र तराईमा वर्षको दुई पटक धान राम्ररी फल्छन । चैते धानको खेती अझै तीव्रत्तर विस्तार गर्न सकिन्छन । विविध आयामले धान नेपालको वास्तविक धन रहेको छ । यसको उत्पादन वृद्धिमा मधेसकेन्द्रीत अब्बल योजना, नीति र कार्यक्रम भने युगसापेक्ष आवश्यक रहेको देखिन्छ ।

# पिपरा गाउँपालिकाको गाउँसभा सम्पन्न, ५० करोड १४ लाख ९२ हजार ५ सय रुपैयाँको बजेट सार्वजनिक

**मो.इर्शाद**
**जनकपुरधाम, १४ असार**



महोत्तरीको पिपरा गाउँपालिकाले आर्थिक वर्षका लागि गाउँसभा सम्पन्न गर्दै ५० करोड १४ लाख ९२ हजार ५ सय रुपैयाँ बराबरको बजेट सार्वजनिक गरेको छ । गाउँपालिकाको सभामा उपाध्यक्ष बन्दना पाण्डेले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमसहित बजेट प्रस्तुत गर्नुभएको हो ।

बजेटमा कृषि, सिँचाइ, पूर्वाधार विकास, सामाजिक क्षेत्र तथा जनताको प्रत्यक्ष सरोकारका विषयलाई प्राथमिकतामा राखिएको गाउँपालिकाले जनाएको छ । कार्यक्रममा बोल्दै गाउँपालिका अध्यक्ष रामजानकी यादवले पिपरा गाउँपालिकाले किसानको आवश्यकता र समस्यालाई केन्द्रमा राखेर योजना निर्माण गरेको बताउनुभयो । उहाँले किसानलाई सहज हुने गरी सिँचाइ सुविधा विस्तार तथा कृषि क्षेत्रको विकासलाई प्राथमिकता दिएको उल्लेख गर्नुभयो। गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सन्तोष मिश्राले गाउँसभा सफलताको शुभकामना दिँदै बजेट तथा नीति कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न कर्मचारी, जनप्रतिनिधि र सरोकारवाला सबैको सहकार्य आवश्यक रहेको बताउनुभयो ।

उहाँले सेवा प्रवाहलाई थप प्रभावकारी बनाउँदै गाउँपालिकाको विकासलाई गति दिने प्रतिबद्धता व्यक्त गर्नुभयो । गाउँसभाका प्रमुख अतिथि जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादव रहनुभएको थियो । कार्यक्रममा बोल्दै यादवले मधेसका सयौं सहिदहरूको बलिदानीबाट संघीयता स्थापना भएको बताउँदै संघीय व्यवस्थालाई कमजोर बनाउने कुनै पनि प्रयास स्वीकार्य नहुने धारणा राख्नुभयो ।

उहाँले संघीयताको मर्मअनुसार स्थानीय तहलाई बलियो बनाएर जनताको नजिकबाट सेवा प्रवाह गर्नुपर्ने आवश्यकता रहेको बताउनुभयो । गाउँसभामा जनप्रतिनिधि, कर्मचारी तथा स्थानीय सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

# विद्यार्थीहरुद्वारा किसानसँगै धान रोपाइँमा सहभागिता



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १५ असार**

राष्ट्रिय धान दिवस तथा असार १५ को अवसरमा मोनास्टिक स्कुलले विद्यार्थीलाई नेपाली कृषि परम्परा, संस्कृति र श्रमको महत्वसँग परिचित गराउने उद्देश्यले विविध कार्यक्रम आयोजना गरेको छ ।

दिवसका अवसरमा कक्षा ५ का विद्यार्थीले विद्यालय नजिकैको खेतमा पुगेर स्थानीय किसानसँगै धान रोपाइँमा सहभागिता जनाएका थिए । प्रत्यक्ष रूपमा खेतमा काम गर्दै उनीहरूले कृषि पेशाको महत्व, किसानको मेहनत तथा धान उत्पादन प्रक्रियाबारे व्यवहारिक ज्ञान हासिल गरेका विद्यालयले जनाएको छ ।

त्यसैगरी, प्रि-स्कुल तहका बालबालिकाले विद्यालय परिसरमै धान रोपेर राष्ट्रिय धान दिवस मनाएका थिए। सानै उमेरदेखि कृषि, प्रकृति र नेपाली संस्कृतिप्रति सम्मानको भावना विकास गर्ने उद्देश्यले यस्तो कार्यक्रम आयोजना गरिएको विद्यालयका निर्देशक डा. सोनु साहले बताए । कार्यक्रमको समापनमा विद्यार्थीलाई असार १५ को परम्परागत परिकार दही, चिउरा र आँप खुवाइएको थियो । यसबाट विद्यार्थीलाई नेपाली मौलिक संस्कृति र परम्परासँग थप नजिक बनाउने प्रयास गरिएको विद्यालयले जनाएको छ ।



अनुरोधकर्ता
गणेशमान चारनाथ नगरपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश

## तपाईको टुडे

मेष: अनावश्यक खर्चको संभावना
वृष: पिछडेको साथी मिल्ने
मिथून: लामो यात्राको योग छ
कर्कट: विचार गरेर बोल्नुहोला
सिंह: मित्रतामा फाटो आउने
कन्या: पढाईमा ध्यान दिनुपर्ने
तुला: अशुभ समाचार प्राप्त हुने
वृश्चिक: खानपानमा समस्या आउने
धनु: अनावश्यक चिन्ता
मकर: मनमा पछुतो आउने
कूम्भ: आम्दानी हुने
मीन: शुभ कार्यको शुरुवात

## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# २५ करोडसम्म उद्योगको दर्ता, नवीकरण, नियमन तथा प्रशासनिक सेवा अब प्रदेश सरकारबाटै सञ्चालन




**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १५ असार**

मधेश प्रदेशमा २५ करोडसम्म स्थिर पुँजी भएका स्वदेशी उद्योगको दर्ता, नवीकरण, नियमन तथा प्रशासनिक सेवा अब प्रदेश सरकारबाटै सञ्चालन हुने भएको छ।

सङ्घीय सरकारले यस्ता उद्योग सम्बन्धी अधिकार औपचारिक रूपमा प्रदेश सरकारलाई हस्तान्तरण गरेपछि उद्योगी व्यवसायीले काठमाडौँ धाउनुपर्ने बाध्यता अन्त्य हुने विश्वास गरिएको छ। नेपालको संविधान र औद्योगिक व्यवसाय ऐन, २०७६ ले निश्चित मापदण्डभित्रका उद्योगको प्रशासनिक जिम्मेवारी प्रदेश सरकारलाई दिने व्यवस्था गरे पनि त्यसको कार्यान्वयन लामो समयसम्म हुन सकेको थिएन।

कानुनी व्यवस्था हुँदाहुँदै सात वर्षभन्दा बढी समय उद्योग दर्ता, नवीकरण तथा अन्य प्रशासनिक कामका लागि उद्योगीहरू काठमाडौँस्थित उद्योग विभाग पुग्न बाध्य थिए। यसका कारण सेवा प्रवाहमा ढिलाइ, अतिरिक्त आर्थिक भार तथा प्रशासनिक झन्झट व्यहोर्नुपरेको थियो। उद्योग विभागबाट मधेश प्रदेशअन्तर्गतका १८८ उद्योगका अभिलेख प्रदेश सरकारलाई हस्तान्तरण भइसकेपछि अब ती उद्योगसम्बन्धी सम्पूर्ण प्रशासनिक सेवा प्रदेशबाटै सञ्चालन हुने तयारी गरिएको छ। मधेश प्रदेश सरकारअन्तर्गत उद्योग कार्यालय वीरगञ्जकी निमित्त निर्देशक रीना साहका अनुसार उद्योगका फाइलहरू प्रदेशमा आइसकेका छन् र तिनको अध्ययन भइरहेको छ। अध्ययन प्रक्रिया पूरा भएपछि पहिलो चरणमा उद्योग दर्ता, नवीकरण, लगत कट्टालगायतका सेवा सुरु गरिनेछ भने त्यसपछि अनलाइन प्रणालीमार्फत पनि सेवा विस्तार गरिने तयारी छ।

उनले प्रदेशमै सेवा उपलब्ध हुन थालेपछि उद्योगी व्यवसायीलाई छिटो, सहज र प्रभावकारी सेवा दिन सकिने विश्वास व्यक्त गरिन्। उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयका सचिव जयकुमार घिमिरेले सङ्घीय शासन व्यवस्थाको मूल उद्देश्य अधिकारलाई नागरिक नजिक पुर्‍याउनु रहेको उल्लेख गर्दै उद्योग प्रशासन प्रदेशमा आउनु त्यस दिशामा महत्वपूर्ण उपलब्धि भएको बताए। उनका अनुसार अब प्रदेश सरकारले स्थानीय आवश्यकता र सम्भावनाअनुसार उद्योगमैत्री नीति कार्यान्वयन, लगानी प्रवर्द्धन, उद्यमशीलता विकास तथा रोजगारी सिर्जनाका कार्यक्रम प्रभावकारी रूपमा अघि बढाउन सक्नेछ।

# सीमान्तकृत समुदायका महिलाको सहभागितामा जोड

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, १५ असार**



आगामी स्थानीय तह निर्वाचनमा सीमान्तकृत समुदायका महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न कानुनी, सामाजिक तथा राजनीतिक अवरोध हटाउनुपर्नेमा सरोकारवालाहरूले जोड दिएका छन्। जनकपुरधाममा आयोजित 'आगामी स्थानीय तह निर्वाचनमा सीमान्तकृत समुदायका महिलाको सहभागिता बढाउन मिडियाको भूमिका' विषयक अन्तरक्रिया कार्यक्रममा वक्ताहरूले संविधानले समान अधिकारको प्रत्याभूति गरे पनि व्यवहारमा दलित, मुस्लिम, आदिवासी जनजाति, पछाडि पारिएका तथा विपन्न समुदायका महिलाले निर्वाचन प्रक्रियामा अझै पनि अनेक चुनौती सामना गरिरहेको बताएका हुन्।

कार्यक्रममा बोल्दै आयोजक संस्था संकल्प मधेश प्रदेशका संयोजक गंगाथापा मगरले राजनीतिक दलभित्र समावेशी उम्मेदवार छनोटको प्रभावकारी अभ्यास नहुँदा, निर्वाचन खर्चको व्यवस्थापन, नेतृत्व विकास तालिम तथा निर्वाचनसम्बन्धी कानुनी जानकारीको अभावका कारण सीमान्तकृत महिलाको राजनीतिक सहभागिता कमजोर रहेको बताइन्। संस्थाका सल्लाहकार एवं राजनीतिकर्मी निलम कर्णले महिलाहरूले आफ्नो अधिकार र अवसरको उपयोग गर्दै नेतृत्वमा पुग्न स्वयं पनि सक्रिय र अग्रसर हुनुपर्नेमा जोड दिइन्।

उनले महिलाको सहभागिता उम्मेदवारीमा मात्र सीमित नभई निर्णय तहसम्म प्रभावकारी उपस्थिति हुनुपर्ने धारणा राखिन्। कार्यक्रमका वक्ताहरूले स्थानीय सरकारलाई थप समावेशी र उत्तरदायी बनाउन महिलाको प्रतिनिधित्व संख्यात्मक मात्र नभई नीति निर्माण र निर्णय प्रक्रियामा पनि प्रभावकारी हुनुपर्ने बताए। उनीहरूले राजनीतिक दलहरूले उम्मेदवार चयनका क्रममा सीमान्तकृत समुदायका महिलालाई प्राथमिकता दिनुपर्ने, साथै राज्यले उनीहरूको क्षमता अभिवृद्धि, नेतृत्व विकास र निर्वाचनसम्बन्धी सचेतना अभिवृद्धिका कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गर्नुपर्ने सुझाव दिएका थिए।

वक्ताहरूले आगामी स्थानीय तह निर्वाचनलाई समावेशी लोकतन्त्र सुदृढ गर्ने अवसरका रूपमा उपयोग गर्दै सीमान्तकृत महिलाको राजनीतिक पहुँच र नेतृत्व विकासमा सञ्चारमाध्यमले पनि सकारात्मक भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता औँल्याएका थिए।




अनुरोधकर्ता
क्षिरेश्वरनाथ नगरपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश




अनुरोधकर्ता
नगराईन नगरपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश




अनुरोधकर्ता
बिदेह नगरपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश




अनुरोधकर्ता
सबैला नगरपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश

# आलीदेखि थालीसम्म कृषि यात्रा

-औद्योगिक र व्यापारिक कृषिले पृथ्वीको बहन क्षमता घटाउँदै वातावरण, माटो र जैविक विविधतामा गम्भीर असर पुर्याएको छ। नेपालको कृषि प्रणालीमा तीन दृष्टिकोणबीच बहस चलिरहेको छ, जसमा मौलिक, रैथाने र प्रकृतिसम्मत खेतीलाई प्राथमिकता दिनुपर्ने माग बढ्दो छ। स्थानीय उत्पादन र जैविक कृषि प्रवर्द्धन गर्दै बाँझो जमिनको सदुपयोग तथा नीति, नेतृत्व र ऐतिहासिक निर्णयमार्फत आत्मनिर्भर खाद्य प्रणाली निर्माणको आवश्यकता देखिएको छ। मैदानी औद्योगिक विकास र यसका लागि गरिएको व्यापारिक कृषिले पृथ्वीको बहन क्षमता निरन्तर घट्दै छ।

यसले पर्यावरण र जैविकचक्रमा ल्याएको पुनर्उत्पादन असन्तुलनपछि समग्र पृथ्वीको जैविक जीवन अनि मानव जीवनमा घातक प्रभाव पारिरहेको छ। जलवायु परिवर्तनको तीव्र असर, वातावरण र माटोको बढ्दो रासायनिक प्रदूषण तथा जैविक विविधताको निरन्तर ह्रासकै कारण आज विश्व खाद्य प्रणालीमा नयाँ, जटिल र अनपेक्षित चुनौती थपिएको छ। यी चुनौतीले हाम्रो जीवन र जीविकोपार्जनको मौलिक आधारलाई भित्रभित्रै निरन्तर भत्काइरहेका छन्। बढ्दो तापक्रम, पानीचक्रको अनिश्चितता, खडेरी र खेतीपातीमा देखिने नयाँ रोगव्याधिको प्रकोप हाम्रा सर्वसाधारण किसानको दैनिक नियति बनिसकेको छ। बाह्य मल, बीउ, प्रविधि अनि ज्ञानले रैथाने बीउबिजन र प्रविधि मासिएको छ।

अब खेतीपाती अनि खानाको परम्परागत वास्ना र स्वादसँगै हाम्रा रैथाने बालीहरू इतिहासको पानामा सीमित हुँदै लोप हुने अवस्थामा पुगेका छन्। हाम्रो कृषि प्रणालीलाई उन्नत र समयानुकूल बनाउन विज्ञान-प्रविधिको प्रयोग अवश्य गर्नुपर्छ। तर, कस्तो प्रविधि र कसको विज्ञान ? अहिलेको नाफा मात्रै बढाउने प्रविधि निर्देशित विज्ञान र प्रविधि आफैंमा साँघुरो दायराभित्र रुमल्लिएर दिग्भ्रमित छ। कृषि विज्ञान जीवन र माटोसँग भन्दा व्यापारसँग मात्रै जोडिएकाले यो विषय सानैदेखि विद्यालयमा सिकाउन नसक्दा आजका शिक्षित र पढेलेखेका युवा कृषि कर्म गर्न डराएका हुन्। त्यसैले अब कृषि क्षेत्रलाई बाध्यताको पेसा वा गरिब र विपन्नले मात्रै गर्ने श्रमबाट मुक्त गरी आत्मसम्मानको मर्यादित सामाजिक उद्यममा बदल्न ढिला भइसकेको छ। स्थानीय उत्पादन बढाउन र नेपाली भूमिलाई आत्मनिर्भर बनाउन तत्कालै गर्नुपर्ने माटोको पुनरुत्थान, वातावरण अनुकूलन, पोषण व्यवस्थापन र रैथाने बीउ सुधारजस्ता आधारभूत अनि तल्लो तहका कार्य पूर्ण रूपमा ओझेल परेका छन्। वास्तविक धरातल र माटोमा काम गर्नुको सट्टा केवल कृषि खाद्य प्रणाली सुधारका कागजी बुँदा र प्रतिवेदन मिलाउनमै राज्यका संयन्त्र, नीति निर्माता, सरोकारवाला अलमलिइरहेका छन्। बितेका केही दशकदेखि नेपालमा बाह्य स्रोत, विदेशी अनुदान र विश्वबजारमा आधारित पूर्णरूपमा आयातित कृषि ढाँचाबिना कुनै आवधिक आत्मसमीक्षा नक्कल गरिएको छ। कृत्रिम रासायनिक मल, घातक विषादी, आयातीत प्रविधि र नपुंसक बीउमा निर्भर यस परावलम्बी कृषि अभ्यासले हाम्रो उत्पादनको परिमाण मात्रै घटाएको छैन, हाम्रो पुस्तौंदेखिको उर्वर माटो, जैविक विविधता र समग्र पर्यावरणलाई समेत गम्भीर रूपमा बिरामी र जर्जर बनाएको छ। यति ठूलो क्षति र यथार्थ आँखैअघि छ। तर, यदि हामीले अझै कृषिलाई विनाशकारी र रासायनिक बाटोमा हिँडाइरहने हो भने नेपाली कृषि-क्षेत्र निकट भविष्यमै कहिल्यै नउठ्ने गरी 'कोमा' मा जाने निश्चित छ।

हाम्रो कृषि प्रणालीलाई उन्नत र समयानुकूल बनाउन विज्ञान-प्रविधिको प्रयोग अवश्य गर्नुपर्छ। तर, कस्तो प्रविधि र कसको विज्ञान ? नेपालमा कृषि रूपान्तरण र आत्मनिर्भरताको बहस जोडतोडले उठेको छ। देशभित्र र बाहिर नेपालले लिनुपर्ने कृषिको पुनरुत्थान-उत्थानको बाटोबारे चासो, खोजी र वैचारिक बहस सुरु भएका छन्। सँगै विभिन्न दातृ निकाय र परामर्शदाताका थरीथरीका प्रस्ताव अनि रणनीतिक कार्यक्रमका दस्ताबेज बनिरहेका छन्। तर, कतिपय यस्ता कार्यक्रम वैदेशिक सहायताको नाममा मुलुकलाई थप ऋणको भारी बोकाउँदै नेपाल भित्रिरहेका छन्।

हाल नेपाली कृषि क्षेत्रमा मुख्यतः तीन वटा वैचारिक दृष्टिकोणबीच तीव्र बहस चलिरहेको देखिन्छ। पहिलो, बजारमुखी औद्योगिक कृषिको दृष्टिकोणले अहिलेकै कर्पोरेट र बजारमुखी औद्योगिक कृषिको ढाँचालाई नै थप



विस्तार गर्नुपर्छ भन्ने सोच राख्छ। नेपालको कृषिलाई कस्तो बनाउने भन्ने नीतिगत साँचो अप्रत्यक्ष रूपमा यस्तै व्यापारिक शक्तिको हातमा देखिन्छ। त्यसैले उनीहरू आधारभूत खाद्यान्नसमेत आयात गरेर गुजारा चलाउन बाध्य नेपाली किसानको आत्मसम्मान अनि खाद्य सार्वभौमिकता बढाउँदै 'आत्मनिर्भर कृषिमा आधारित खाद्य प्रणाली' निर्माण गर्नुको सट्टा 'निर्यातमुखी औद्योगिक उत्पादन र यसको बजार विस्तार' को झूटो र भ्रमपूर्ण सपना बेचिरहेका छन्। औद्योगिक कृषिको रटान लगाउने यो स्वार्थ समूहलाई नेपालको माटो, यहाँका नागरिकको स्वास्थ्य र रैथाने किसानको जीवनस्तरसँग कुनै सरोकार छैन। वार्षिक रूपमा रासायनिक मल खरिद गर्नकै लागि मात्रै कुल कृषि बजेटको झन्डै ७० प्रतिशत रकम खर्च गर्ने हालैको सरकारी निर्णय यही औद्योगिक र आयातीत विकासको भ्रमित मतिको प्रत्यक्ष परिणाम हो। यो बाटोले नेपालको बचेखुचेको परम्परागत र पर्यावरणमैत्री कृषि प्रणालीलाई थप तहसनहस बनाउने निश्चित छ। वास्तवमा, आज नेपाली कृषि क्षेत्रले भोगिरहेको बहुआयामिक संकटको मुख्य कारक पनि यही औद्योगिक कृषि ढाँचा नै हो।

केही सीमित सत्ता, शक्ति र बिचौलियाको निहित स्वार्थको माखेसाङ्लोमा अल्झिएको यो विषाक्त कृषिको बाटोले नै आज हामीलाई यो परनिर्भर र दयनीय अवस्थामा पुर्‍याएको हो। दोस्रो दृष्टिकोण, यही औद्योगिक ज्ञान-प्रविधिमा आधारित भएर अहिलेकै कृषिलाई औद्योगिक स्तरोन्नति गर्ने सोचबाट प्रेरित छ।

**साभार : कान्तिपुर।**





**अनुरोधकर्ता**
**जनकनन्दनी नगरपालिकाको कार्यालय**
**धनुषा, मधेश प्रदेश**




**अनुरोधकर्ता**
**औरही गाउंपालिकाको कार्यालय**
**धनुषा, मधेश प्रदेश**




**अनुरोधकर्ता**
**मिथिला विहारी नगरपालिकाको कार्यालय**
**धनुषा, मधेश प्रदेश**




**अनुरोधकर्ता**
**हंसपुर नगरपालिकाको कार्यालय**
**धनुषा, मधेश प्रदेश**


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम-४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday